नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

ताहाचल, काठमाण्डौ, फोन नं. ०१-४५९८०१३/१४

पदपूर्ति सम्बन्धी सूचना

(प्रकाशन मिति २०८२/११/१५)

लोकसेवा आयोगबाट सहमति प्राप्त भए बमोजिम देहायको सेवा/समूह रिक्त रहेका पदमा खुला प्रतियोगितात्मक लिखित परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले निम्नानुसार योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यस केन्द्रको दरखास्त फाराममा भएको विवरण भरी आफुले प्राप्त गरेको नागरिकता तथा शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपीहरु उम्मेदवार स्वयंले प्रमाणित गरी हालसालै खिचेको पासपपोर्ट साइजको फोटो २ प्रति फारमको निर्दिष्ट स्थानमा टाँसी प्रथम पटक विज्ञापन प्रकाशित मितिले २१ दिन भित्र र थप ७ दिन भित्र दोब्बर दस्तुर बुझाई दरखास्त दर्ता गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट दरखास्त पेश गर्न सकिनेछ। रित नपुगेको वा म्याद नाघी प्राप्त हुन आएको दरखास्त उपर कुनै कारबाही हुने छैन। दरखास्त फाराम तथा पाठ्यक्रम केन्द्रको वेबसाइट www.aepc.gov.np बाट प्राप्त गर्न सकिनेछ।

वि.नं.	पदको नाम	तह	सेवा/समूह	खुला/समावेशी	पद संख्या	परीक्षाको दस्तुर	परीक्षाको किसिम	शैक्षिक योग्यता
१/०८२/८३	इन्जिनियर	७	प्राविधिक/प्राविधिक	खुला	१ (एक)	६००/-	लिखित/अन्तर्वार्ता	मान्यता प्राप्त शिक्षण संस्थाबाट वातावरण इन्जिनियरिङ्ग वा सिभिल इन्जिनियरिङ्ग वा मेकानिकल इन्जिनियरिङ्ग वा इलेक्ट्रिकल इन्जिनियरिङ्ग वा इलेक्ट्रोनिक्स तथा कम्युनिकेशन इन्जिनियरिङ्ग वा कृषि इन्जिनियरिङ्ग विषयमा कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको।
२/०८२/८३	वरिष्ठ लेखा सहायक	५	प्रशासन/लेखा	महिला	१ (एक)	४००	लिखित/कम्प्युटर सीप परीक्षण/अन्तर्वार्ता	मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन विषयमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको।
३/०८२/८३	प्रशासन सहायक	४	प्रशासन/प्रशासन	महिला	१ (एक)	४००	लिखित/कम्प्युटर सीप परीक्षण/अन्तर्वार्ता	मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको।

विज्ञापन सम्बन्धी विशेष सूचना

सम्मानित सर्वोच्च अदालतबाट रिट नं ०७८-WO -०६६० समेतको उत्प्रेषण सम्बन्धी निवेदनमा मिति २०७९ /१० २४ मा भएको परमादेशको आदेश बमोजिम कानूनी व्यवस्था भए पश्चात सोही अनुसार पदपूर्ति गरिनेछ।

द्रष्टव्य :

१. परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ।

२. लिखित परिक्षाबाट छनौट भएका उम्मेदवारहरु मात्र अन्तर्वार्तामा सम्मिलित हुन पाउनेछन।

३. उम्मेदवारहरुको उमेर २१ वर्ष पुरा भई पुरुषको हकमा ३५ वर्ष र महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ।

४. दरखास्त साथ शैक्षिक योग्यताका प्रमाणपत्रहरु (लब्धाङ्क पत्र र चारित्रिक प्रमाण पत्र) र नेपाली नागरिकताको प्रमाणपत्रहरुको प्रतिलिपी संलग्न गर्नु पर्नेछ। समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताका हकमा समकक्षता निर्धारण गरिएको प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नु पर्दछ।

५. परीक्षा दस्तुर राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको कार्यालय कोड नं. ३०८००३५०२ को राजश्व शिर्षक नं. १४२२४ मा जम्मा गरी सक्कल भौचर दरखास्त साथ पेश गर्नु पर्नेछ।

६. तलब भत्ता र अन्य सुविधा केन्द्रको नियमानुसार हुनेछ।

७. परीक्षा कार्यक्रम लोकसेवा आयोगले तोके बमोजिम हुनेछन।

८. पाठ्यक्रम केन्द्रको वेबसाइट www.aepc.gov.np बाट प्राप्त गर्न सकिनेछ।

९. अन्य थप जानकारीको लागि केन्द्रको कार्यालय भवन ताहाचल, काठमाण्डौमा सम्पर्क राखी बुझ्न सकिनेछ।

पदपूर्ति समिति

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र
ताहाचल, काठमाण्डौ, फोन नं. ०१-४५९८०१३/१४

विज्ञापन संशोधन सम्बन्धी सूचना

(प्रकाशन मिति २०८२/११/२६)

केन्द्रबाट मिति २०८२/११/१५ मा प्रकाशन भएको विज्ञापन नं. ३/०८२/८३ को प्रशासन सेवा/समूह अन्तर्गत चौथो तहको प्रशासन सहायक पदमा लोक सेवा आयोगबाट मिति २०८२/०७/१५ गते संचालित पूर्व योग्यता उत्तिर्ण भएको उम्मेदवारले मात्र दरखास्त पेश गर्न पाउने व्यवस्था गरी संशोधन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै अन्य शर्तहरु मिति २०८२/११/१५ को सूचना बमोजिम हुनेछ।

पदपूर्ति समिति